अनुसूचि-२

(दफा ४ तथा अनुसूचि-१ को भाग-२ सँग सम्बन्धित)

दंगीशरण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ५८ मितिः माघ ०६ गते, २०८१

## भागः २

नेपालको संविधानको अनुसूचि ८ मा उल्लेख भएबमोजिमको अधिकार अन्तर्गत रही दंगीशरण गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकबाट मिति २०८१/०९/२५ मा पारित भएको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**दंगीशरण गाँउपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी (चौथो संशोधन) कार्यविधि, २०७५**

गाउँ कार्यपालिकाको बैठकबाट पारित मितिः २०८१/०९/२५

प्रमाणिकरण भएको मितिः २०८१/१०/०४

**प्रस्तावनाः**

दंगीशरण गाँउपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५ (तेश्रो संशोधन सहित) का केहि प्रावधानहरूमा संशोधन गर्न वाञ्छनीय भएकाले,

दंगीशरण गाँउपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी गाँउकार्यपालिकाले यो कार्यविधि वनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम को नाम “दंगीशरण गाँउपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी (चौथो संशोधन) कार्यविधि, २०७५” रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. मूल कार्यविधिको दफा ३ मा संशोधनः** मूल कार्यविधिको दफा ३ को उपदफा (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको

तर छ महिनाभन्दा बढी म्याद नाघेको हकमा अनुसूचि-२ बमोजिम म्याद नाघेको अवधिको प्रतिवर्षका हिसाबले थप दस्तुर लिई नविकरण गर्न सकिनेछ ।

**३. मूल कार्यविधिको दफा ३ पछि ३.क थप गरी देहायको व्यवस्था गरिएकोः**

**३.क नामसारी ठाउँसारी सम्बन्धी व्यवस्थाः** ‘घ’ वर्गको इजाजतपत्र प्राप्त निर्माण व्यवसायीले आफ्नो नाममा दर्ता भएको फर्म अर्को व्यक्तिको नाममा नामसारी वा

ठाउँसारी गर्न चाहेमा उद्योग, पर्यटन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालयबाट निर्माण सम्बन्धी ठेक्का पट्टाको काम गर्ने प्रयोजनका लागि जारी गरिएको प्राईभेट फर्म वा साझेदारी फर्मको नामसारी वा ठाउँसारी हुने गरी जारी भएको प्रमाणपत्र, आन्तरिक राजश्व कार्यालयबाट जारी भएको कर चुक्ता प्रमाणपत्र, नामसारी भएपछिको नयाँ व्यवसायीको नामबाट जारी भएको स्थायी लेखा नम्बर र ठाउँसारीको हकमा नयाँ ठेगानामा ठाउँसारी भएको प्रमाण पेश गरी आवेदन दिएमा नयाँ सरह इजाजतपत्र दस्तुर लिई प्रमुख  प्रशासकीय अधिकृतले नामसारी तथा ठाउँसारी गर्नेछन्।

**४. मूल कार्यविधिको अनुसूची २ मा संशोधनः** महल नं. ५ मा म्याद नाघेका इजाजतपत्रको लागि म्याद नाघेको अवधिको प्रतिवर्ष रू. २०००/- दरले थप नविकरण दस्तुर।

आज्ञाले

कर्ण बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत